# चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६    सख्याः २०    मितिः २०७९/१२/३०

## चिङ्गाड गाउँपालिका

## प्राविधिक शिक्षा छात्रवृति वितरण कार्यविधि, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिङ्गाड गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना** चिङ्गाड गाउँपालिकामा स्थायी बसोबास गर्ने गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा एक देखि एस. इ. इ. (SEE) सम्म निरन्तर अध्ययन गरी +२ वा सो सरह उत्तीर्ण गरेर प्राविधिक शिक्षा अध्ययन गरिरहेका, अध्ययन गर्न चाहाना, प्राविधिक शिक्षालयमा वा विश्वविद्यालयमा भर्ना भएका जहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने गाउँपालिकाको नीति रहेको छ ।

यस्तो छात्रवृत्ति व्यवस्थित एवम् पारदर्शी तरिकाबाट प्रदान गर्न गाउँ कार्यापालिकाले कार्यविधि बनाएको छ ।

**१. प्रारम्भिक:**

**१.१ संक्षिप्त नाम र प्रारम्भ:**

- यस कार्यविधिको नाम प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई उपलब्ध गराउने "प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि २०७९ रहेको छ ।
- यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि

**२. परिभाषा**

२.१ "गाउँपालिका" भन्नाले चिङ्गाड गाउँपालिका सम्झनु पर्दछ ।

२.२ "छात्रवृत्ति" भन्नाले भर्नाको निम्ति छनौट भएका तथा भर्ना भई अध्ययन शुरु गरेका विद्यार्थीहरूको अध्ययनको लागि थप प्रोत्साहित गर्न उपलब्ध गराइने सहायता रकम सम्झनु पर्दछ ।

२.३ " समिति" भन्नाले यसै कार्यविधि अनुसार छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्दछ ।

२.४ "मूल विषय" भन्नाले छात्रवृत्तिको लागि दरखास्त आह्वान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचनामा तोकेको विषय सम्झनु पर्छ ।

**३. कार्यविधिको उद्देश्य:**

३.१ यस कार्यविधिका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- यस छात्रवृत्तिको पारदर्शी र स्पष्ट आधारहरू तयार गर्ने ।
- यसरी वितरण गरिने छात्रवृत्ति रकमलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी परिणाममुखी बनाउने
- सरोकारवालाहरूलाई छात्रवृत्ति सम्बन्धी जानकारीहरू सहज र सरल तरिकाले उपलब्ध गराउने ।
- विनियोजित बजेट र छात्रवृत्ति कार्यक्रम वास्तविक सम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट पुर्‍याउने ।

**४. छात्रवृत्ति व्यवस्थापन समितिः**

४.१ गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति व्यवस्थापन गर्न देहाय बमोजिम समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| लक्षित वर्गको प्रतिनिधित्व हुने गरी कार्यपालिका सदस्यमध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

**४. २ छात्रवृत्ति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

- गाउँपालिकाबाट उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धी आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने ।
- निर्धारित नीति तथा मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न सिफारिस गर्ने ।
- छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा पन्धातात्मक कार्य गर्ने ।

**५. छात्रवृत्तिको प्रावधानः**

**५.१ अध्ययनको विषय**

यो छात्रवृत्ति चिङ्गाड गाउँपालिका भित्र स्थायी बसोबास गर्ने र गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा एक देखि एस. इ. इ. (SEE) सम्म निरन्तर अध्ययन गरी + २ मा विज्ञान विषयमा वा सो सरह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई इन्जिनियरिङ (सिभिल, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, मेकानिकल, कम्प्यूटर, Bsc IT), चिकित्सा शास्त्र (MBBS, BSc/BN Nursing, BPH, BDS,

BMLT, B Pharma, BSc Microbiology, Bsc FT), Pilot, CA, वनविज्ञान, कृषि तथा भेटनरी विषयमा स्नातक तह अध्ययन गर्न उपलब्ध गराइने छ ।

## ५.२ लक्षित समूह

चिङ्गाड गाउँपालिका भित्र स्थायी बसोबास गर्ने र गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा एक देखि एस. इ. इ. (SEE) सम्म निरन्तर अध्ययन गरी +२ वा सो सरह उत्तीर्ण गरेका जेहेन्दार विद्यार्थीहरू यस छात्रवृत्ति कार्यक्रमका लक्षित समुह हुनेछन् ।

## ५.३. छात्रवृत्ति रकम

छात्रवृतिमा छनौट भएका विद्यार्थीहरूलाई छात्रवृतिको रुपमा रकम रु १,००,०००/- (एक लाख) बैंक खाता मार्फत उपलब्ध गराइने छ ।

## ५.४ छात्रवृत्ति कार्यन्वयन तथा छनौट प्रक्रिया :

- गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशन गर्नेछ । यसरी सूचना प्रकाशित गर्दा सबैले थाहा पाउने गरी विभिन्न माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।
- योगयता पुगेका इच्छुक ब्यक्तिहरूले आफु लक्षित समूहको नागरिक हो भन्ने प्रमाण सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।
- निवेदनसाथ प्राप्त कागजातहरूको अध्ययन गरी समितिले आधारमा उच्चतम अंक ल्याउने विद्यार्थीहरूको छनौट गर्नेछ ।
- नेपाल सरकार तथा विश्वविद्यालयबाट छात्रवृतिमा छनौट भई अध्ययन गरिरहेका विद्यार्थीहरूलाई यस छात्रवृति छनौट प्रक्रियामा समावेश गरिने छैन ।

## ५.५ भुक्तानी प्रक्रिया

- छात्रवृत्ति वापत उपलब्ध गराइने रकम विद्यार्थीले शिक्षालयमा भर्ना हुँदा तिरेको विल तथा मासिक शुल्क तिरेको विलको आधारमा एकमुष्ठ रकम रु १,००,०००/- (एक लाख) बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।

- छात्रवृत्ति प्रदान गर्दा अध्ययन अवधिमा एक व्यक्तिलाई एक पटक मात्र पटक मात्र प्रदान गरिनेछ ।

**६. कोषको व्यवस्था :**

चिङ्गाड गाउँपालिकाद्धारा प्रत्येक बर्षको गाउँसभावाट निश्चित रकम छात्रवृत्ति कोषमा जम्मा गर्दै लगिनेछ । सोही कोषबाट संकलित निवेदनको आधारमा विभिन्न कलेजमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै लगिनेछ ।

**७. स्वयम् सेवा गर्न सकिने**

१) अध्ययन पछि गाउँपालिकाले तोकेको हकमा गाउँपालिकामा स्वयसेवक रुपमा आपसी समझदारीको आधारमा काम गर्न सकिनेछ ।

**८. विविध :**

१) यस कार्यविधि जारी हुनु भन्दा अगाडि भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

२) संशोधन तथा खारेजी : यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा गाउँ कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

## अनुसूची-१
## छात्रवृत्तिको लागि दिइने निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,
चिङ्गाड गाउँपालिका सुर्खेत

**विषयः छात्रवृत्ति सम्बधमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा हाल म ………………………………………….विश्वविद्यालय/कलेजमा ………………………….. तहको …………………….. वर्षमा अध्ययन गरि रहेको / रहेकी छु । मेरो निम्न आर्थिक अवस्थाको कारणले पढाइमा निरन्तरता दिन समस्या भएकोले मलाई यस गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा छात्रवृत्ति उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु ।

निवेदकको
दस्तखत नामः
ठेगानाः
मितिः

*निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:*

१. गाउँपालिकाको स्थायी वासिन्दा भएको प्रमाण खुल्ने प्रमाण पत्र (नागरिकता वा जन्म दर्ता प्रमाण पत्र )

२. सामुदायिक विद्यालयबाट कक्षा ८ र एसइइ उत्तिर्ण गरेको प्रमाणपत्र

३. सम्बन्धित वडाबाट विवरण खुलेको सिफारिस पत्र ।

४. कलेज वा प्राविधिक शिक्षालयमा भर्ना गरेको प्रमाण, शुल्क तिरेको रसिद र कलेज वा शिक्षालयमा निरन्तर अध्ययनरत रहेको र कुनै छात्रवृति प्राप्त नगरेको खुल्ने सिफारिस ।

# अनुसूची-२

## छात्रवृत्ति छनौटको लागि मूल्याङ्कनको आधार

| क्र.स | विवरण | अकभार | अक विभाजन |
|---|---|---|---|
| १ | SEE / SLC को प्राप्ताङ्क | ३० | ३० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अंकभार निकाल्ने । अक्षराङ्क पद्धतिबाट प्राप्त ग्रेडलाई प्रतिशतमा बदल्दा GPA * 0.95 * 25 को सुत्र प्रयोग गर्ने । |
| २ | +2 वा सो सरहको प्राप्ताङ्क | २० | २० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अंकभार निकाल्ने<br>ग्रेडलाई प्रतिशतमा प्रयोग गर्ने । |
| जम्मा | | ५० | |

आज्ञाले,

चक्र बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत